# महोत्तरी गाउँपालिका, महोत्तरी

## चौथो गाउँ सभामा अध्यक्ष श्री सुनिल कुमार राय द्धारा प्रस्तुत आर्थिक बर्ष २०७७/०७८ को बजेट, निती तथा कार्यक्रम ।

### २०७७ असार १० गते बुधबार

पूर्वमा पिपरा गाउँपालिका, पश्चिममा एकडारा गाउँपालिका, उत्तरमा बलवा र लोहारपट्टि नगरपालिका र दक्षिणमा जलेश्वर नगरपालिकाको परिधि भित्र रहेको यो ऐतिहासिक महोत्तरी गाउँपालिकाको २०७७ असार १० गते शुभारम्भ हुन गई रहेको चौथो गाउँसभाको उद्घाटन कार्यक्रमका अतिथी ज्यूहरु, विभिन्न राजनैतिक दलका प्रमुख एवम प्रतिनिधी ज्यूहरु ,उपाध्यक्ष श्रीमती सिता देवी साह ज्यू, कार्यपालिका सदस्यज्यूहरु, आदरणीय गाउँ सभा सदस्यज्यूहरु, प्राध्यापक शिक्षक, विभिन्न संघ संस्था र निकायका प्रमुख एवं प्रतिनिधि ज्यूहरु सञ्चारकर्मी मित्रहरु गाउँपालिकाका कर्मचारी मित्रहरु एवं आदरणीय दिदी बहिनी तथा दाजुभाईहरु सबैमा महोत्तरी गाउँपालिकाको तर्फबाट हार्दिक अभिवादन गर्न चाहन्छु । कोभिड १९ महामारीको कारण अहोरात्र समर्पित गा.पा. अर्न्तगतका स्वास्थ्यकर्मी लगायतका अग्रपंक्तिका कर्मचारीहरु तथा पदाधिकारी र समाजसेवीहरु लाई हृदय देखी धन्यवाद दिदै महोत्तरी गाउँपालिकाको चौथो गाउँ सभाको निति कार्यक्रम प्रस्तुत गरी रहँदा म आफुलाई गौरवानन्वीत महसुस गर्दछु ।

सर्बप्रथम म लोकतन्त्र प्राप्तिको लामो संघर्ष एवं मद्येश आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन बलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहिदहरु र कोरोना भाईरसका कारण ज्यान गुमाएका व्यक्तिहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, मधेश आन्दोलन लगायत विभिन्न आन्दोलनका क्रममा घाइते, वेपत्ता नागरिकप्रति उच्च सम्मान व्यक्त गर्दै कोरोना भाईरस संक्रमित व्यक्तिहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्न चाहन्छु ।

आदरणीय महानुभावहरु

स्थानीय तहको पहिलो निर्वाचन २०७४ साल आश्विन महिनामा सम्पन्न भई परिवर्तित संरचनामा स्थानीय सरकारको हैसीयतमा प्राप्त जिम्मेवारी, अत्यन्तै जिम्मेवारी पूर्वक निभाउनका लागि सम्पुर्ण राजनैतिक दलको सहयोग र सुझाव तथा नागरीक समाज लगायत सबै सरोकारवालाहरुसँग सहकार्य र समन्वयमा गाउँपालिका सञ्चालन गर्ने प्रयास गर्दै आएको व्यहोरा निवेदन गर्न चाहान्छु ।

महोत्तरी गाउँपालिका महोत्तरी जिल्लाको सदरमुकामबाट उत्तर तर्फ अवस्थित रहेको छ । यहाँको तापक्रम अधिकतम ४२ डिग्री सेन्टिग्रेड र न्युनतम तापक्रम १२ डिग्री सेन्टिग्रेड भएको तराइ क्षेत्र हो । महोत्तरी जिल्लाको दक्षिणमा अवस्थित २८.०८ वर्ग कि.मि. क्षेत्रफल रहेको महोत्तरी गाउँपालिकामा साविकका महोत्तरी, डाम्ही मडै र गोनरपुरा गाँउ विकास समितिलाई समायोजन गरी गठन गरिएको छ । यो गाउँपालिका आर्थिक सामाजिक, सांस्कृतिक, शैक्षिक हिसाबले विकट पालिकाको रुपमा चिनिन्छ । साविकको ३ वटा गाविसलाई समायोजन तथा विभाजन गरी जम्मा हालको ६ वटा वडा मार्फत नागरिकहरुलाई सेवा सुविधा प्रदान गरीएको छ ।

२०६८ सालमा सम्पन्न जनगणना अनुसार महोत्तरी गाउँपालिकाको जनसंख्या महिला १३६१३ र पुरुष १३८१४ गरी कुल २७४३० रहेको छ भने घरधुरी ४८६१ रहेको छ ।

आदरणीय महानुभावहरु : अब म चालु आर्थिक बर्ष २०७६/०७७ को समिक्षात्मक विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. **बजेट निर्माण :** गाउँपालिकाबाट आर्थिक वर्ष २०७६/०७७ का लागि उन्नचालिस करोड उन्नसाठी लाख  तेह्र हजार तिन सय छपन्न रुपैंयाँको बजेट सार्वजनिक गरिएकोमा आर्थिक वर्षको अन्तसम्म करिब ९०% कार्यान्वयन हुने देखिएको छ ।
२. **सार्वजनिक सेवा प्रवाह र सुशासन :** स्थानीय तहको सेवा संचालन ऐन २०७४ बमोजिम वडा कार्यालयहरुबाट सम्पादन हुने कामहरु तत्-तत् वडा कार्यालयहरुबाट नै सम्पादन हुने व्यवस्था मिलाईएको छ ।
३. सार्वजनिक हानी नोक्सानी नहुने तर प्रचलित मापदण्ड पूरा गर्न नसकेर नक्सापास, नक्सा नियमित गर्ने लगायतका कामहरु थाँती रही समस्या मूलक बनेका स्थानीय जनताका समस्याहरु स्थलगत अनुगमन गरी समस्याको हल गर्ने परिपाटीको सुरुवात गरिएको छ ।
४. **सार्वजनिक जग्गाको लगत संकलन कार्य :** गाउँपालिका भित्रको सार्वजनिक/सरकारी जग्गाको लगत संकलन कार्य शुरु गरिएको छ र यस कार्यलाई निरन्तरता दिइनेछ ।
५. **स्थानीय शिक्षा : गाउँ**को शिक्षालाई थप व्यवस्थित र गुणस्तरीय बनाउने गरी आवश्यक नीतिगत व्यवस्था गरी विभिन्न कार्यहरु सम्पन्न गरिएको छ । विभिन्न सामुदायिक तथा निजी विद्यालयहरुको नियमित अनुगमन गरिएको छ । सामुदायिक विद्यालयका प्र.अ. हरुसँग कार्यसम्झौता प्रकृया अगाडी बढाइएको छ । प्रत्येक विद्यालयमा विद्युत्तिय हाजिरी जडान गरिएको छ । बेटी पढाउ बेटी बचाउ कार्यक्रम अन्तर्गत कक्षा ८ देखि माथीका छात्राहरुलाई ड्रेस र झोला वितरण, बालवालिकास केन्द्रमा अध्ययणरत छात्र/छात्राहरु लाई ड्रेस वितरण कक्षा ८ देखि माथिका छात्राहरु लाई साइकल वितरण, गरिब र जेहेन्दार छात्राहरु लाई शैक्षिक सामग्री वितरण ,उच्च शिक्षा/प्राविधकि शिक्षामा अध्यरनरत गरिब,जेहेन्दार छात्रा लाई पुरस्कृत गर्ने लगायतका कार्यक्रम संचालनमा रहेको छ । **गाउँ**का सबै सामुदायिक विद्यालयको बाल विकास शिक्षाका सबै बालबालिकाहरुलाई **निःशुल्क खाजा र पाठय पुस्तकको** व्यवस्था नेपाल सरकारको सशर्त अनुदानबाट मिलाइएको छ । गाउँपालिकाको शैक्षिक अवस्थाको तथ्यांकगत अवस्था झल्किने गरी **शैक्षिक प्रोफाइल** तयार पार्ने काम भैरहेको छ । यो शैक्षिक सत्रभित्र गाउँ शिक्षा नीति तथा कार्यक्रम बनाउने लक्ष्य छ । लकडाउनबाट प्रभावित विधार्थीहरुको लागि वैकल्पीक पठनपाठनको कार्य संचालन गरिनेछ ।
६. **विषयगत शाखा व्यवस्थापन :** शिक्षा, सहकारी, स्वास्थ्य, कृषि तथा पशु विकास सेवा ,महिला विकास लगायतका विषयगत शाखा स्थापना भई विषयगत रुपमा कार्यसम्पादन भैरहेका छन् ।
७. **स्थानीय कानून :** गाउँपालिकाले विभिन्न ऐन, कानुन, कार्यविधिहरु तयार गरी गाउँसभामा पेश गरि लागु गर्ने व्यवस्था मिलाईएको छ । गाउँपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका सार्वजनिक महत्वका

कार्यक्रमलाई उपलब्धिमुलक, मितव्यायी, छिटो-छरितो, समयसापेक्ष बनाउन **सार्वजनिक महत्वका कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका** जारी गरिएको छ ।

८. **स्थानीय न्याय सम्पादन :** प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी न्यायिक समितिले स्थानीय न्याय सम्पादनको काम शुरुवात गर्न समिति गठन भै कार्य शुरुवात भै सकेको छ । न्यायिक समितिको सचिवालयको स्थापना, न्याय सम्पादनका कार्यविधिहरुको प्रकाशन लगायतका कामहरु शुरुवात भईसकेको छ ।

चालु आ.व. २०७६।०७७ मा आन्तरीक आय रु.पैसठी लाख, संघ सरकार बाट वित्तिय समानिकरण रु.नौ करोड पच्हत्तर लाख शर्शत अनुदान रु. दश करोड बहत्तर लाख राजश्व बाँडफाँड पाँच करोड पैसठ लाख गरी जम्मा रु. छबिस करोड बारह लाख र प्रदेश सरकार बाट वित्तिय समानिकरण एख्खत्तर लाख पचपन्न हजार शर्शत अनुदान पचास लाख विषेश अनुदान बिस लाख सम्पुरक अनुदान तिस लाख गरी जम्मा रु. एक करोड एकहत्तर लाख पचपन्न हजार आम्दानी भएको छ ।

आदरणीय महानुभावहरु,

यस महोत्तरीगाउँपालिकालाई एक विकसित, समृद्ध गाउँको रुपमा विकसित गर्ने परिकल्पना अनुरुप कोरिएको विकासको खाका स्वरुप आगामी आ.ब. २०७७।०७८ को बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

प्रमुख अतिथीज्यू, अतिथीज्यू तथा उपस्थित सभा सदज्यूहरु

अहिलेको अवस्थामा हाम्रा सामु देहाय बमोजिमका चुनौतिहरु देखा परेकाछन् ।

- कोरोना भाईरसका काारण हाल विदेश भारत लगायत अन्य मुलुकबाट आएका संकास्पद व्यक्तिहरुका लागि व्यवस्थित क्वाईरेन्टाईनको व्यवस्था गर्न ।
- गाउँपालिवकाको भवन तथा वडा कार्यालयको सुविधा सम्पन्न भवन निर्माण गर्न स्रोतको व्यवस्थापन गर्ने ।
- भवन निर्माण तथा सडक सम्बन्धी मापदण्ड पूर्ण रुपमा लागु गर्ने ।
- नयाँ करका क्षेत्रहरु पहिचान गरी राजश्व परिचालन गर्ने तथा हाल लागु भएका करहरु समेत संकलन गरी राजश्व बृद्धि गर्ने ।
- सार्वजनिक संरचना गुणस्तरीयता कायम राख्नु पर्ने कार्य पनि चुनौतिपूर्ण देखिन्छ ।
- जनप्रतिनिधिहरुलाई प्रशासनिक गतिविधि तथा कार्यविधिसँग पूर्ण रुपले जानकारी गराउनु पर्ने भएकोले जनप्रतिनिधिहरुको क्षमता विकास पनि अपरिहार्य देखिन्छ ।
- कृषि उपजहरुको व्यवस्थीत बजारीकरणको व्यवस्था गर्नु पर्नेछ ।
- सिचाई/बोरिङका साथै सिडियो बाँध लाई पक्की फाटक निर्माण गर्नु पर्ने अपरिहार्य रहेको छ ।

यस गाउँपालिकाको सर्वाङगीण विकासका लागि हाम्रा सामु देहाय अनुसारका अवसरहरु रहेका छन् ।
१. पर्यटकीय स्थलको पहिचान र व्यवस्थापन तथा विकास र प्रचार प्रसार गरी पर्याप्त आय आर्जन गर्न सक्ने अवसर रहेको छ ।

२. अपार उर्वर कृषि योग्य जमिनको उपलब्धताले कृषि व्यवसायको प्रचुर सम्भावना रहेको छ ।
३. आर्थिक सामाजिक विकासका लागि शिक्षित हुँदै गईरहेको सक्षम युवा जनशक्ति विकास हुँदैछ ।
४. व्यवस्थित भौतिक पूर्वाधार विकासका लागि अवसर उपलब्ध रहेको छ ।

आदरणीय सभा सदस्यज्यू

हाम्रा सामु उपलब्ध अवसरहरुको सदुपयोग गर्दै देखा परेका चुनौतिहरुलाई सामना गर्ने गरी नै चालु आर्थिक बर्षको बजेट तयार गरेको छु । यस बजेटले देहाय अनुसारका उद्देश्य लिएको छ ।

- लोक सम्मतिमा आधारित लोकतान्त्रिक शासन प्रणालीलाई स्थानीय स्तर देखि नै अभ्यास गर्ने ।
- विधायकी, कार्यकारीणी र न्यायिक अधिकारको सन्तुलित अभ्यास गर्न स्थानिय सरकारको संस्थागत विकास गर्ने ।
- विकासमा लाभहरुलाई समानुपातिक, समावेशी र न्यायोचित तरिकाले जनतामा वितरण गर्ने
- स्थानीय नेतृत्वको विकास गर्ने ।
- समृद्ध गाउँका लागि आवश्यक भौतिक, आर्थिक तथा सामाजिक साँस्कृतिक संरचना निर्माण गर्ने ।
- कोरोना भाईरस रोगको न्युनिकरण तथा नियन्त्रण गर्ने ।
- स्थानीय तहबाट प्रदान गरिने सेवामा जनताको पहुँच अभिबृद्धि गरी सेवा प्रवाहको हरेक तहमा सुशासन कायम गर्ने ।

यि उद्देश्यहरु हाँसिल गर्नका लागि आगामी आर्थिक बर्षको बजेटका प्राकाथमिकताहरु देहाय बमोजिम निर्धारण गरेको छु ।

- कोभिड १९ महामारीबाट गा.पा. बासी लाई सुरक्षीत राख्न आवश्यक व्यवस्थापन गर्ने,
- शिक्षा, स्वास्थ्य, खानेपानि र सरसफाईमा लगानी बृद्धि,
- सीपयुक्त जनशक्ति विकास,
- सामजिक समावेशीकरयण तथा महिला सशक्तिकरण,
- सुशासन, पारदर्शिता र सेवा प्रवाहमा सुधार,
- स्थानीय शासन प्रणालीको हरेक तहमा जनताको सार्थक सहभागिता सुनिश्चित हुने गरी नीति तथा संरचना निर्माण,
- स्थानीय सरकारलाई प्राप्त सबै अधिकारहरुको समुचित र प्रभावकारी प्रयोग मार्फत जनताको घर दैलोमा सरल सेवा प्रवाह,
- सूचना सञ्जाल विस्तार,
- धार्मिक पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन,
- रोजगारीको अवसरहरुमा बृद्धि,

- बजार अनुगमन र नियमन,
- सार्वजनिक जग्गाको संरक्षण र व्यवस्थापन,
- शहिद परिवालाई सहयोग र सम्मान,
- कृषि सिंचाईको समुचित व्यवस्था,

श्रीमान सदस्यज्यूहरु

यिनै अवसर, चुनौति, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आ.ब. २०७७/०७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु।

आगामी आ.ब. २०७७।०७८ मा आन्तरीक आय रु.सत्तरी लाख, संघ सरकार बाट वित्तिय समानिकरण रु. दश करोड सोह्र लाख शर्शत अनुदान रु.बाह्र करोड पचासी लाख राजश्व बाँडफाँड अनुमानित पाँच करोड पैसठ लाख गरी जम्मा रु. उन्नतिस करोड छत्तिस लाख र प्रदेश सरकार बाट वित्तिय समानिकरण एख्खत्तर लाख सरचालिस हजार शर्शत अनुदान असी लाख विषेश अनुदान तिस लाख सम्पुरक अनुदान विस लाख गरी जम्मा रु. दुई करोड एक लाख सरचालिस हजार आय अनुमान गरिएको छ।

आदरणीय सदस्यज्यूहरुः

अब म चालु आ.ब. २०७७।०७८ का लागि राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु। कोरोना भाईरस महामारीका कारण विश्व नै अंक्रान्त रहेको बेला सोको प्रभाव यस गा.पा. मा समेत पर्ने भै राजस्व अशुलीमा चुनौतीको सामना गर्नुपर्ने छ।

- कोभिड १९ का कारण दुर्भाग्यवस मृत्यु हुने परिवारलाई यस गा.पा. बाट चालु आ.व. मा सिफारिस लगायतको कार्य नि : शूल्क रहने छ।
- राजश्वका दायरा विकास गर्न यसै आ.ब. २०७७।०७८ देखि एकिकृत सम्पती कर लागु गर्न आवश्यक पर्ने सम्पूर्ण तयारी पुरा गरिने छ।
- राजश्व परिचालन वृद्धिका लागि आवश्यक सचेतना मूलक तथा घुम्ति टोली कार्यक्रम सञ्चालनमा ल्याइने छ।
- पछिल्लो बर्षहरुमा आन्तरिक स्रोत परिचालन उत्साहजनक नभएकोले विकास निर्माणका गति तथा लक्ष्य प्राप्तिका लागि आवश्यक स्रोत जुटाउन राजश्वको वर्तमान वृद्धिदर मात्रै पर्याप्त हुने अवस्था छैन। करका दर तथा दायरा एवं करका नयाँ क्षेत्र पहिचान गर्न आवश्यक देखिन्छ।
- चालु आ.ब. २०७७।०७८ को श्रावण १ गते देखि राजश्वका नयाँ दरहरु कार्यान्वयनमा ल्याइने छ।
- मृत्यू दर्ता प्रमाण पत्र निःशुल्क वितरण गरिनेछ।
- हरेक वडामा विद्युत्तीय विलिंग प्रणाली लागु गरिने छ।
- करदाता शिक्षा अभिबृद्धि गरिने छ।

- गाउँभित्रका सम्पूर्ण व्यवसायलाई कानुनी रुपले दर्ता प्रक्रियामा ल्याइने छ ।
- साझा अधिकार क्षेत्रका सवालमा संघ र प्रदेशसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
- मदिरा जन्य बस्तुको विक्रि वितरण र प्रयोग लाई निरुतसाहित गरिने छ ।

आदरणीय प्रमुख अतिथी, अतिथी, गाउँ सभा सदस्यज्यूहरु एवं उपस्थित महानुभावहरु

गाउँको सर्वाङगिन क्षेत्रलाई थोरै भए पनि सम्बोधन गरी गाउँपालिकाले आफ्नो अविभावकीय दायित्व पुरा गर्न प्रयास गरेको छ । जसको कार्यान्वयनको लागि विकासमा क्रियाशिल महोत्तरीका पौरखी गाउँवासीहरुको निरन्तर सुझाव, सल्लाह र सहयोग प्राप्त हुने नै छ भन्ने विश्वास लिएका छौं ।

**अव म आर्थिक बर्ष २०७७/०७८ को  नीति तथा कार्यक्रम  प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

## महोत्तरी गाउँपालिकाको आ.व.२०७७/०७८ को लागि सुचना तथा सञ्चार प्रविधि सम्बन्धि प्रस्तावित नीति-

१. गाउँपालिकाको कार्य सम्पादनलाई छिटोछरितो,प्रविधिमैत्री,पारदर्शी र गुणस्तरीयता कायम गर्दै सुचना तथा प्रविधिको अधिकतम उपयोग मार्फत शासन प्रणलीलाई स्थानीय तहबाट नै सुदृढिकरण गरिने नीति अवलम्वन गरिनेछ ।

२. सेवाग्राहीको लागि जारी गरिने नागरिक वडापत्रलाई अध्यावधिक गरी सबै तह र वर्गको पहुँचमा पुर्याउनका लागि सुचना बोर्ड, डिजिटल वडापत्र, मोवाईल एप्स, सामाजिक संजाल र वेव साइट मार्फत जानकारी गराई नागरिकको सुचनामा सहज पहुँच गराईनेछ ।

३. कोभिड-१९ रोकथाममा नेपाल सरकारले गरेको लकडाउनलाई मध्येनजर गरी इन्टरनेटको पहुँच बिद्यार्थीसम्म पुऱ्याई वेवसाईट, मोवाईल एप, सामाजिक संजाल, रेडियो, भिडियो, अडियो तथा अन्य भिडियो कन्फेरेसिङ टुल (Video Conferencing Tool) मार्फत शिक्षण सिकाई क्रियाकलाप अघि बढाइनेछ ।

४. गाउँपालिकाको विकासको क्रममा नागरिक स्तरबाट आउने जनगुनासो, सेवाग्राही तथा कर्मचारीहरुको गुनासो सुनुवाई र साकारात्मक सुझावहरु संकलन तथा कार्यन्वयन गर्नका लागि विद्युतीय प्रणाली जस्तै निःशुल्क टेलिफोन वा अनलाइन सेवा वा अन्य उपयुक्त माध्यमको व्यवस्था गरी गुनासो सुन्ने जिम्मेवार अधिकारीको कामकारवाहीलाई व्यवस्थापन गरिनेछ ।

५. नेपाल सरकारको योजना अनुसार यस पालिकामा जडान हुँदै गरेको फाईबर इन्टरनेट सेवालाई सम्पुर्ण वडा कार्यालय स्वास्थ्य संस्था तथा विद्यालयहरुमा जडान कार्य सम्पन्न गरिनेछ साथै इमेल इन्टरनेट मार्फत पत्रहरु, सुचना तथा जानकारीहरु आदानप्रदान गरिनेछ ।

६. सेवाग्राहीहरुको सुविधालाई मध्यनजर गर्दै डिजिटल नागरिक वडापत्र, हेल्पडेस्क आदिको वयवस्था गरी सेवा लिन आवश्यक पर्ने आवेदन फारमहरु गाउँपालिकाको वेवसाइटबाट प्राप्त गर्न सकिने व्यवस्था मिलाइनेछ ।

७. हाल गाउँपालिका,स्वास्थ्य संस्था ,मा.वि. तहमा प्रयोगमा ल्याइएको विद्युतीय हाजिरी प्रणलीलाई क्रमशः प्राथमिक विद्यालयहरु र वडाकार्यालहरुमा समेत विस्तार गरिनेछ ।

८. हाल पालिकामा प्रयोगमा ल्याइएको सि.सि.क्यामेरालाई मा.वि. विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरुमा जडान गरी आन्तरिक अनुगमन पद्दतिलाई अझ प्रभावकारी बनाईनेछ ।

९.यस पालिका स्थित व्यस्त बजार तथा महत्वपुर्ण स्थानहरुमा निगरानी तथा सुरक्षा व्यवस्थापन गर्नका लागि सडक बत्ति(Street Light) सँगै सि.सि. क्यामेरा जडान गरिनेछ । साथै यस्ता ठाउँहरुमा (Free Wi-Fi Zone) बनाइनेछ ।

**महोत्तरी गाउँपालिकाको आ.व.२०७७/०७८ को प्रस्तावित शिक्षा,युवा तथा खेलकुद नीति**

१. बालविकास सहजकर्तालाई बालमनोविज्ञान सम्बन्धि तालिम दिई समक्ष बनाउने, बालशिक्षालाई सुविधा सम्पन्न गरिनेछ ।

२. सामुदायिक तथा संस्थागत विद्यालयको समग्र पक्षको सुक्ष्म अध्ययन गर्न सघन विद्यालय अनुगमन कार्यक्रम संचालन गरिनेछ ।

३. विद्यालयको सेवा क्षेत्र भित्रका सम्पुर्ण शैक्षिक गतिविधिमा उक्त सेवाक्षेत्र समेटिएको विद्यालयको प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाईने छ ।

४. विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न आवश्यकताको आधारमा शैक्षिक सामग्री तथा पाठयसामग्रीहरु वितरण गरिनेछ ।

५. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीहरुको दरवन्दी मिलान, व्यवस्थापन,पुर्नवितरण एवं दरवन्दी सिर्जना विद्यालयको आवश्यकता तथा तह र शिक्षकको योग्यता एंव दक्षताको आधारमा गरिनेछ ।

६. सम्पुर्ण सामुदायिक विद्यालयहरुलाई पुर्वाधारसम्पन्न बनाउदै लगिनेछ ।

७. गाउँपालिकाले संचालन गर्दै आएका सिकाई उपलब्धी परिक्षा, अतिरिक्त क्रियाकलाप एंव प्रतिभा पहिचान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८.गाउँपालिकाबाट शैक्षिक पात्रो निर्माण गरी सम्पुर्ण विद्यालयहरुको शैक्षिक गतिविधिहरुमा एकरुपता कायम गरिने छ ।

९.स्थानीय शैक्षिक सामग्री निर्माण तथा प्रयोगमा वृद्धि गर्नको लागी स्थानीय शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रम संचालन गरिनेछ ।

१०.गाउँपालिका भित्रका न्युनतम योग्यता पुगेका शिक्षित जनशक्तिहरुको लगत संकलन गरी आवश्यकताका आधारमा विद्यालयमा स्वयंसेवा गर्न उत्प्रेरित गरिनेछ ।

११.विद्यार्थी सङ्ख्याको आधारमा एक विद्यालय एक पुस्तकालयको व्यवस्थापन गरिनेछ ।

१२.शिक्षकहरुको अनुभव आदान प्रदान गरी गुणस्तरीय सिकाई अभिवृद्धि गर्न अन्तर विद्यालय शिक्षण कार्यक्रम संचालन गरिने छ ।

१३.एक विद्यालय एक तालिम प्राप्त कम्पयुटर शिक्षक व्यवस्थापन गरिनेछ ।

१४.प्र.अ. एंव शिक्षकहरुलाई नमुना विद्यालय अवलोकन भ्रमण गराईनेछ ।

१५.उच्च शैक्षिक उपलब्धी हाँसिल गर्ने विद्यालय,प्रअ,शिक्षक तथा विद्यार्थीहरुलाई पुरस्कृत गरिनेछ ।

१६.विद्यालय बाहिर रहेका व्यक्तिहरुको लगत संकलन गरी अनिवार्य रुपमा विद्यालयमा भर्ना गरिने र कम्तिमा आधारभुत तह सम्मको शिक्षाको अनिवार्य व्यवस्था गरिनेछ ।

१७.प्रत्येक विद्यालयमा तौल नाप्ने यन्त्र,फिल्टर एंव प्राथमिक उपचार बाकसको व्यवस्थापन गर्नेछ ।

१८.निश्चित शैक्षिक मापदण्डको आधारमा नमुना विद्यालय छनौट गरी पुरस्कृत गर्नेछ ।

१९.सबै माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला तथा सबै सामुदायिक विद्यालयहरुमा स्वच्छ खानेपानी र शौचालयको पहुँच पुऱ्याइनेछ ।

२०.कक्षा ६ देखी कक्षा १२ सम्म अध्ययन गर्ने सामुदायिक विद्यालयका सबै छात्राहरुलाइ स्यानिटरि प्याड को व्यवस्था गरिनेछ ।

२१.विद्यालयमा जडान गरिएको विद्युतीय हाँजिरीलाइ थप व्यवस्थित गरी क्रमश: सबै विद्यालयमा जडान गरिनेछ ।

२२. विद्यालयको भौतिक संरचना मर्मत एंव निर्माण कार्य गर्नको लागी विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

२३.विद्यालयले गर्नुपर्ने विवध शैक्षिक क्रियाकलापहरु समयमै सम्पादन गरी शैक्षिक उपलब्धी हाँसिल गर्न शिक्षा अधिकृत र प्रधानाध्यापकबीच कार्यसम्पादन सम्झौता गरिनेछ ।

२४.विश्वव्यापी माहामारी (कोभिड १९) का कारण देश बन्दाबन्दीको अवस्थामा रहेको अवस्थामा हुन गएको शैक्षिक क्षति न्युन गर्न सर्वजनिक विदाको समय समेत उपयोग गरी शिक्षकहरुलाई अध्यापन कार्य गर्न उतप्रेरित गरिनेछ ।

२५.विद्यार्थीहरुको आवश्यकता पहिचान गरी लोकसेवा तयारी कक्षा संचालन गरिनेछ ।

२६.विद्यार्थीहरुलाई अध्ययन पश्चात राष्ट्रसेवामा लाग्न उतप्रेरित गर्न राष्ट्रसेवक कर्मचारी विद्यालयमा कार्यक्रम संचालन गरिनेछ ।

२७.प्र.अ.,गाउँ शिक्षा समिति तथा बालविकास सहजकर्ताको बैठक निरन्तर रुपमा संचालन गरिनेछ ।

२८.शिक्षक अभावको कारण शिक्षण शिकाई कार्य संचालन हुन नसक्ने अवस्था आएमा नीजि शिक्षक छनौट गरी व्यवस्थापन गरिनेछ ।

२९.सामुदायिक सिकाई केन्द्रलाई थप व्यवस्थित बनाई विभिन्न किसिमका तालिम संचालन गर्नको लागी विशेष अनुदान प्रदान गरिनेछ ।

**महोत्तरी गाउँपालिकाको आ.व.२०७७/०७८ को लीग स्वास्थ्य तर्फको नीति तथा कार्यक्रम**

१. नेपाल सरकारले तोकेका र संचालन गरेका र ससर्त शिर्षकमा संचालन गर्नुपर्ने सम्पुर्ण कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२. स्थानीय रेडियोमा स्वास्थ्य सन्देश उत्पादन गरी प्रसारण गरिनेछ ।

३. गाउँपालिकाभित्र बसोवास गर्ने बासिन्दाहरुको रोग तथा समस्याको निदानको लागी यसै वर्ष कुनै एक स्वास्थ्य चौकी प्रयोगशाला सहितको स्वास्थ्य सेवा उपल्ब्ध गराइने छ र क्रमश : थप गर्दै लगिनेछ ।

४. गर्भवत्ती महिलालाई आफ्नो स्वास्थ्य प्रति सचेत गराउन र महिला स्वास्थ्य स्वयम सेविकालाई थप जिम्मेवार बनाउन "आमा संग स्वयम सेविका" कार्यक्रम संचालन गरिनेछ ।

५. प्रत्येक सामुदायिक विद्यालयहरुमा प्राथमिक स्वास्थ्य सेवा किट र आपतकालिन अवस्थाको लागि कम्तिमा एक ओटाको दरले स्ट्रेचरको व्यवस्था गरिनेछ ।

६. स्वास्थ्य संस्थाहरुको लागि अत्यावश्यकिय औषधी खरिद तथा वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

७.स्वास्थ्य चौकि प्रमुखहरुको मासिक बैठक, स्वास्थ्यचौकीहरुको लागि अनुदान, इनटरनेट आवश्यक कागजातहरुको छपाई जस्ता क्रियाकलापलाई निरन्तरता दिइनेछ ।

८.ग्रामीण समुदायको स्वास्थ्य सुविधाको लागी विशेषज्ञय स्वास्थ्य शिविर संचालन गरिनेछ ।

९.गाँउ-गाँउमा पुगी स्वास्थ्य आमा समुहको गठन तथा पुर्नगठन गरी थप सचेत र जिम्मेवार आमाहरुको भुमिकालाई प्रभावकारी बनाईनेछ ।

१०.प्रत्येक विद्यालयमा अध्ययनरत किशोरीहरुलाई महिनावारी सरसफाई तथा स्यानेटरी प्याडको प्रयोग सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

११.बालविकास केन्द्रहरुमा अध्ययनरत बालवालिकाहरुमा सरसफाई पोषणयुक्त खानाको फार्यदा र तयारी खाना (जङक फुड) निषेध सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

१२.विभिन्न समयमा फैलिन सक्ने विपद तथा माहामारी जन्य रोग तथा समस्याको सावधानीको लागी आवश्यक पर्ने औषधी, किट, औजार उपकरण खरिद कार्यलाई प्रभावकारी बनाईनेछ ।

१३.नि : शुल्क वितरणका लागी औषधी खरीद गरिनेछ, ढुवानी र वितरण प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

१४.नेपाल प्रहरी सँगको सहकार्यमा मानसिक स्वास्थ्य,आत्महत्या न्युनिकरण र लागु पदार्थ नियमन सम्बन्धी समुदाय स्तरमा तालिम तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

१५. स्वास्थ्य संस्थाहरुको संचालन, व्यवस्थापन, अनुगमन र सुपरिवेक्षणलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

१६. कोभिड १९ बाट दुर्भाग्यवस मृत्युहुने व्यक्तिको घरपरिवारलाई आवश्यक क्षतीपुर्ति उपलब्ध गराईने छ ।

१७. संघ/प्रदेश सरकारबाट समन्वय गरी पि.सि.आर. परिक्षण लाई व्यापकता गरिनेछ ।

१८.अग्रपंक्तिका स्वास्थ्यकर्मीहरु लाई पुर्ण सूरक्षाका लागि पि.पि.ई. लगायत सूरक्षा सामग्रीको भरपुर व्यवस्था गरिने छ ।

१९. मडै स्वास्थ्य केन्द्रमा यसै आ.व. देखी वर्थिङ्ग सेन्टर संचालन गरिने छ ।

२०. क्वाईरेन्टाईनमा रहेका हाम्रा दाजुभाई, दिदि बहिनीहरु लाई कुनै प्रकारको कठिनाई हुन नदिन प्रतिवद्धता जाहेर गर्न चाहन्छु ।

**महोत्तरी गाउँपालिकाको आ.व.२०७७/०७८ को लीग कृषि, सिचाई नदी नियन्त्रण तर्फको नीति तथा कार्यक्रम**

१. गाउँ क्षेत्र भित्रका खोला नियन्त्रण कार्यमा जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालयसंग समन्वय गरी नियन्त्रण कार्यलाई अगाडि बढाइने छ ।

२. गाउँक्षेत्र भित्रका खेति योग्य जमिनमा सिंचाईको व्यवस्था मिलाउने नीति अवलम्बन गरिनेछ ।

३. कृषिलाई स्थानीय आर्थिक विकासको आधारको रुपमा विकसीत गर्नका लागि **सहिद राम विवेक यादव कृषि सिंचाई कार्यक्रम** लागु गरिने छ ।

४. कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण वेगर अर्थतन्त्र सुधार गर्न नसकिने यथार्थतालाई आत्मसाथ गर्दै कृषिको आधुनिकीकरण र व्यवसायीकरण कायक्रमलाई प्राथमिकता दिइएको छ ।

५. कृषि प्रणालीलाई वैज्ञानिक व्यवासयिक र जलवायु अनुकुलित बनाउदै आर्थिक बृद्धिको दिगो आधार तय गरिने छ ।

६. कृषिहरुलाई आवश्यक पर्ने विउ, मल तथा अन्य सामग्री समयमा नै उपलब्ध गारईने छ ।

७. प्राविधिक सहयोग तथा कृषि सामग्रीका सुविधा मार्फत कृषकलाई उत्प्रेरित गरिने छ ।

८. सहकारी खेतिको अवधारणा ल्याउन सो सम्बन्धी नीति तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

९. युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न कृषि र पशुपालन व्यवसायिकता उन्मुख गराइने छ ।

१०. कृषि सहकारीको क्षमता बृद्धि तथा विकास गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।

११. दुग्ध पदार्थमा आत्मनिर्भर हुन कृषकहरु लाई उत्साहित गरिने छ ।

१२. पशुपालन व्यवसाय प्रोत्साहन गर्न घर घरमा चिकित्सक सेवा उपलब्ध गराइने छ ।

१३. साना सिंचाईका कार्यक्रमहरु कृषकको माग अनुसार कार्यान्वयन गरिने छ ।

१४. कुलो तथा पैनीहरुको निर्माण तथा जिर्णोद्धार गरिने छ ।

१५. कोभिड १९ का कारण छिमेकी मूलुक भारत लगायत खाडी क्षेत्रबाट फर्किने युवाहरु लाई कृषि तथा पशुपालन पेशामा समाहित गर्न उत्प्रेरित गरिनेछ ।

१७.वैज्ञानिक कृषी र पशुपालनमा विशेष प्याकेजको व्यवस्था गरी बेरोजगार न्युनिकरणको प्रयास गरिने छ ।

## महोत्तरी गाउँपालिकाको आ.व.२०७७/०७८ को लीग पुर्वाधार विकास तर्फको नीति तथा कार्यक्रम

१. साना पूल, कल्भर्ट, सडक ग्राभेल, कालोपत्रे, विद्युत पोल, ह्यूमपाईप, ड्रेन निर्माण, नाला सफाई सडकबत्ती विद्युतिकरण, विद्यालय भवन, पर्खाल निर्माण, शौचालय निर्माण एवं मर्मत सम्भार जस्ता परियोजनाहरु प्राथमिकताका साथ अगाडी बढाईने छ ।

२. गाउँको मुख्य भाग, वडा प्रवेशको मुख्य सडक, पुल कल्भर्ट आदि निर्माण एवं मर्मत सम्भार कार्य प्रभावकारी ढंगले संचालन गरिनेछ ।

३. गा.पा. प्रशासनिक भवन निर्माण कार्य आ.व.२०७७/०७८ मा सम्पन्न गरिने छ ।

४. गाउँपालिका क्षेत्र भित्रका बाटो विस्तार गर्नु पर्दा भैरहेको बाटोको केन्द्रबाट दायाँ, वाँया बरावर विस्तार गरीने छ ।

५. गाउँपालिका द्वारा निर्धारित दुरदृष्टी (भिजन) तर्फ गाउँपालिकाका कार्यक्रमहरु लक्षित रहनेछन ।

६. आयोजना संचालनमा उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने आयोजनालाई पहिलो प्राथमिकता दिईने छ । साथै स्थानीय गैर सरकारी संस्था सामाजिक संघ संस्थालाई प्राथमिकता क्रममा राखिनेछ ।

७. बास्तविक लागतमा ५०% भन्दा बढी लागत सहभागिता र जनसहभागिता आएका आयोजनालाई पहिलो प्राथमिकता दिईने छ ।

८. उपभोक्ता समितिहरुको संस्थागत विकासका लागी  तालिम, अनुशिक्षण जस्ता कार्यक्रमहरु संचालनमा जोड दिईनेछ ।

९. योजना संचालन गर्दा सम्झौता अनुसार राखिएको अन्तिम किस्ता रकम, जाँच-पास साथै फर-फारक पछि मात्र भुक्तानी दिइने छ ।

१०. लागत अनुमान पाँच लाख भन्दा बढी भएका योजनाहरुको अनिवार्य रुपमा होडिङ्ग बोर्ड राखिने छ

११. आयोजना सम्पन्न गर्नु पर्ने अवधिलाई पूर्णतयाः ध्यानमा राखी आयोजना सम्पन्न गर्नु पर्नेछ ।

१२. बार्षिक कार्यक्रममा नपरेको कुनै पनि आयोजना औचित्य र आवश्यकता हेरी संचालन गर्नु परेमा कार्यपालिकाबाट निर्णय गरी संचालन गरिने छ ।

१३. सडक निर्माण भए पछि उपभोक्ताहरुद्वारा सो सडकमा बृक्षारोपण गर्ने नीति लिइने छ ।

१४. अधुरा र क्रमागत योजना पुरा गर्ने तर्फ पहिलो प्राथमिकता दिइने छ ।

१५. गाउँ क्षेत्रमा घडेरी जग्गा विक्री गर्दा साथै जग्गा प्लटिङ्ग गरी विक्री वितरण गर्दा १६ फिट भन्दा कम चौडाई बाटो कायम भएको अवस्थामा कित्ता काट नगर्न नापी  र मालपोत कार्यालय महोत्तरीलाई अनुरोध गरिने छ ।

१६. गाउँपालिकाले आफ्ना कार्यक्रम संचालन गर्दा गाउँ भित्रका संघ, संस्था र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था संग समन्वय र सहयोगको नीति अवलम्बन गरीने छ ।

१७. वर्तमान समयमा विकास निर्माण तथा सामाजिक परिचालनको कार्य सरकारी निकायको एक्लो प्रयासले मात्र सम्भव छैन । यसका लागि सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुप निजी क्षेत्रलाई समेत विकासमा सहभागीता गराउने नीति अवलम्बन गरिने छ ।

१८. विकास निर्माणको कार्य सञ्चालन गर्दा प्रकोप न्युनिकरणका लागि वातावरण मैत्रि ढंगबाट योजना सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ ।

१९. प्रत्येक बर्ष उत्कृष्ट कार्य गर्ने तिन वटा उपभोक्ता समितीलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिने छ ।

२०. गाउँका सबै वडालाई पक्कि सडक सञ्जालसँग जोडिने छ ।

२१. गाउँ भित्रका सडक तथा कल्भर्ट निर्माणका कार्यहरु प्राथमिकताका साथ सञ्चालन गरिने छ ।

२२. पुराना पैनी कल्भर्टहरुलाई जिर्णोद्धार गरी सुचारु गरिने छ ।

२३. आयोजना संचालनमा पेश्की दिने कार्यलाई निरुत्साहित गरिने छ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत संचालन हुने युवा स्वरोजगारका नितीहरु :-**

१. स्थानीय तथा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारीको प्रत्याभुती गर्नका लागी कामका लागी परिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरी श्रममुलक आयोजना संचालन गरी श्रममुलक आयोजना मार्फत सामुदायको विकास सँग सँगै सामाजिक सुरक्षा र संरक्षणको प्रत्याभुती गरिनेछ ।

२. युवा रोजगारीको लागी रुपान्तर पहल आयोजना तथा कामका लागी परिश्रमिकमा आधारित सामुदायिक आयोजनालाई थप शसक्त रुपमा कार्यन्वयन गरिनेछ ।

३. बेरोजगारहरुको ज्ञान, सिप योग्यता अनुभव र बजारको मागको आधारमा आवश्यक पर्ने सिप विकास तालिमको पहिचान गरी सिपमुलक कार्यक्रमको व्यवस्था गरिनेछ ।

४. रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाउनको लागी उचित बजेटको व्यवस्था गरिने छ ।

५. रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार रुपले कृषिमा आधारित सहकारी मुलक व्यवसाय गर्ने चाहेमा बैंकबाट ऋण दिलाउन आवश्यक सहजीकरण गर्नेछ ।

६. कृषि सिंचाई सँग आधारित योजनालाई प्राथमिक्ता दिईनेछ ।

महोत्तरी गा.पा. ले महत्वकांक्षाका साथ शुरु गरेको विभिन्न योजना, कार्यक्रम, आम गाउँवासीहरुको सक्रिय सहभागिताले सफल तुल्याईएको स्मरण गर्दै म गाउँपालिकाको तर्फबाट आम गाउँवासीमा हार्दिक धन्यवाद साथ आभार व्यक्त गर्न चाहन्छु । साथै कोरोना भाईरस महामारीबाट प्रभावित युवा, किसान, वर्गको लागि संचालन गरीने विशेष योजनामा सक्रियतापुर्वक महत्वपुर्ण सहयोगको अपेक्षा गर्दछु ।

**अन्तमा :-**

प्रस्तुत बजेट, नीति तथा कार्यक्रमले गाउँ र गाउँवासीको विकासका लागि केहि हद सम्म भए पनि सहयोग पुग्ने छ भन्ने विश्वासका साथ बजेट नीति तथा कार्यक्रम निर्माणमा सहयोग पुर्‍याउनु हुने सम्पुर्ण राजनैतिक दल, नागरिक समाज, उद्योग व्यवसायी, सञ्चारकर्मी, प्राध्यापक, शिक्षक, विभिन्न संघ संस्थाहरु, सरकारी कार्यालयहरु, वित्तिय संस्थाहरु, गैर सरकारी संस्थाहरु, सहकर्मी कर्मचारी साथिहरु लगायत सम्पुर्ण गाउँवासीहरु प्रति हार्दिक धन्यबाद दिन चाहन्छु साथै यो बजेट नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सदा झै आगामी दिनमा पनि सहयोग प्राप्त हुने कुरामा विश्वस्त रहेको छु ।

धन्यबाद

सुनिल कुमार राय
गा.पा. अध्यक्ष
२०७७ साल असार १० गते बुधबार